# बोरिङ्ग निर्माण  गरी थोपा सिँचाइ गर्नको लागि दरभाऊ पेश गर्ने बारे सूचना

अष्ट्रेलियन राजदुतावासको सहयोगमा Implementation of Efficient-Water-use Systems to Improve Livelihood (“दक्षतापूर्ण पानीको उपभोगद्वारा जिविकोपार्जनमा सुधार” कार्यक्रम अन्तर्गत यस The Small Earth Nepal ले प्रदेश नं. ५ अन्तर्गत कपिलबस्तु जिल्लाको बुद्धभूमि नपा (साविकको जयनगर गाविस) वडा नं. २ स्थित पुरेना गाँउको २५ घरपरिवार रहेको समुदायलाई लक्षित गरी डीप बोरिङ मार्फत थोपा सिँचाईको सेवा सुविधा पुऱ्याउने प्रयोजनका लागि तपसिलको बिवरण सहित ईच्छुक एवं योग्य व्यवसायीहरुबाट दरभाउ पत्र (कोटेसन) सहितको प्रस्ताव आव्हान गरिएको छ ।

प्रथम पटक प्रकाशित मितिः २०७५ । ११ । १४

## प्रस्ताव पेश गर्ने विवरण

१. प्रस्ताव यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिनभित्र तोकिएको स्थानमा पुग्ने गरी पेश गर्नु पर्ने छ ।

२. प्रदेश नं. ५ अन्तर्गत कपिलबस्तु जिल्लाको बुद्धभूमि नपा (साविकको जयनगर गाविस) वडा नं. २ स्थित पुरेना गाँउको २५ घरपरिवार रहेको समुदायलाई लक्षित गरी डीप बोरिङ मार्फत थोपा सिँचाईको सेवा सुविधा पुऱ्याउने ।

३. यस काममा डीप बोरिङ गरी उपयुक्त परिमाणमा पानी निकाल्ने र सो पानीलाई थोपा सिँचाईका लागि ड्रीप पाईप, टैंकी र जडान लगायतका दुईवटा कामहरु भएकाले आफ्नो अनुभव र क्षमताका आधारमा कुनै एउटा काम वा दुबै कामका लागि दरभाऊ पत्र पेश गर्न सकिने छ । दुवै कामको दरभाऊ पेश गर्ने भए फरक फरक तर एउटै  खाममा पेश गर्न सकिने छ ।

४. आवश्यक कागजात तथा विवरण :-

- व्यवसाय नवीकरण गरिएको दर्ता प्रमाणपत्र
- यस अघि गरिएका सम्वन्धित कार्यहरुको विवरण
- भ्याट वा पान दर्ताको प्रमाणपत्र
- व्यवसायको बैंक खाताको विवरण
- छनोट भएको जानकारी गराएपछि कार्य सम्पन्न गर्न लाग्ने समयको विवरण

## डीप बोरिङ निर्माणका लागि आधारभूत बिवरणः

क. बोरिङ ४ ईन्चको हुनेछ ।

ख. बोरिङको गहिराई अनुसार दरभाऊ फरक पर्ने भए सोही अनुरुपको ढाँचामा प्रस्ताव पेश गर्नु पर्ने छ । उक्त स्थानमा १०० देखी २०० मिटर सम्ममा भुमिगत पानी प्राप्त गर्न सकिने अनुमान गरिएको छ ।

ग. बोरिङबाट पानी निकालेपछि पानीको प्रवाह परीक्षण गरी सुनिश्चित गर्नु पर्ने छ ।

घ. बोरिङ सञ्चालन तथा सामान्य ममर्त सम्भारको लागि सामान्य जानकारीहरु दिनु पर्ने छ ।

ङ. बोरिङको ग्यारेन्टी वारेन्टी आदी हुने नहुने र हुने भएमा त्यसको विवरण दिनु पर्ने छ ।

च. बोरिङ निर्माणका लागि आवश्यक पर्ने समय तालिका पेश गर्नु पर्ने छ ।

छ. बोरिङ सम्पन्न गर्न लाग्ने विभिन्न किसिमको पाईप, पम्प टेस्ट, लगायत सम्पूर्ण सामाग्री र खर्चको विवरण ।

**थोपा सिँचाईका लागि आधारभूत बिवरण :**

क. थोपा सिँचाई सुविधा २५ घरपरिवारका लागि हुनेछ ।

ख. प्रत्येक घरको थोपा सिँचाई गर्ने क्षेत्रफलको अनुमान र पाईपको विवरण निम्नानुसार रहेको छ :-

| क.सं. | क्षेत्रफल | ड्रिप पाईपको संख्या | टैंकीको क्षमता |
|---|---|---|---|
| अ. | करिव १५० वर्गमिटर | १२ | १०० लिटर |
| आ. | करिव ३०० वर्गमिटर | १२ | २०० लिटर |

**नोटः १. ड्रिप पाइपमा फिल्टर र हरेक प्वालमा पानीको प्रवाह कन्ट्रोल गर्ने भाल्व भएको हुनुपर्ने छ ।**
**२. दरभाउ पठाँउदा माथि उल्लेखित दुवै क्षेत्रफलको लागी पाइपको लम्वाई सोही अनुरुप राखी दुवै क्षेत्रफलको लागि दरभाऊ पठाउनु पर्ने छ ।**
**३. टैंकी करिव १.५ मिटर उँचाईमा राखिने छ ।**

ग. निर्माण पश्चात समुदायलाई १ दिने तालिम दिनु पर्ने छ ।

५. प्रस्ताव तोकिएको मितिभित्र संस्थाको कार्यलय त्रिपुरेश्वर वा सस्थाको पोष्ट वक्स नं. २०५३३ काठमाण्डौंमा पठाउन सकिनेछ । समय नाघी प्राप्त हुन आएको दरभाऊपत्रउपर कुनै कार्वाही गरिने छैन ।

नोटः प्रति मिटर ड्रिल गर्दा अन्य सामग्रीको दरभाउ समेत फरक पर्ने भए सो सम्वन्धि जानकारी समेत प्रस्तावमा खुलाउनु पर्ने छ । उक्त स्थानमा १०० देखी २०० मिटर सम्ममा भुमिगत पानी प्राप्त गर्न सकिने अनुमान गरिएको छ ।

**यस सम्वन्धि थप विवरण आवश्यक परेमा पानि माथिको ईमेल ठेगना वा यस कार्यालयको सम्पर्क नम्वर ०१-४२५२०७७ मा सम्पर्क गर्न सकिने छ ।**